## विद्यालय छात्रवृत्ति कार्यक्रम

बाल विकास समाजका सल्लाहकार, कार्यकारिणी समिति, आजीवन सदस्य, कर्मचारी, वित्तीय संस्था, व्यवसायिक घराना तथा शुभचिन्तकहरुको सहयोगमा विपन्न परिवार तथा शैक्षिक सुविधाबाट वञ्चित बालबालिकालाई औपचारिक शिक्षाको अवसर प्रदान गर्नका निमित्त संस्थाले वि.स.२०५४ सालदेखि विद्यालय छात्रवृत्ति कार्यक्रम गरिरहेको छ । प्रत्येक शैक्षिक वर्षमा बालबालिकालाई शैक्षिक सुविधा उपलब्ध गराउने क्रममा यस वर्ष १२३ जना बालबालिकालाई छात्रवृत्ति सहयोग गरिएको छ । शैक्षिक वर्ष २०६० देखि २०७८ सम्म १६९ जना बालबालिकाले संस्थाको सहयोगमा एस.एल.सी/एस.ई.ई. उतिर्ण गरिसकेका छन् ।

## दिवा शिशु स्याहार कार्यक्रम

बाल विकास समाजले स्थापना कालदेखि संस्थाका सल्लाहकार, कार्यकारिणी समिति, आजीवन सदस्य, वित्तीय संस्था, व्यवसायिक घराना तथा शुभचिन्तकहरुको सहयोगमा विभिन्न श्रमक्षेत्रमा काम गर्ने अभिभावक तथा विपन्नवर्गका बालबालिकालाई पोषणयुक्त दिवा खाजाको व्यवस्थासहित नियमित दिवा शिशु स्याहार केन्द्र सञ्चालन गरिरहेको छ । संस्थाले २ वर्षदेखि ४ वर्षसम्मका बालबालिकालाई दैनिक १० बजेबाट ४ बजेसम्म बालबालिकाको चौतर्फी विकासका लागि दिवा शिशुस्याहार केन्द्रमार्फत सेवा प्रवाह गरिरहेको छ । यस वर्ष ४० जना बालबालिकाले दिवा शिशु स्याहार केन्द्रबाट सेवा प्राप्त गरिरहेका छन् ।

## मातृशिशु स्वास्थ्य कार्यक्रम

स्थानीय तहसँगको समन्वयमा बालबालिका तथा समुदायका अभिभावक (विशेष गरी महिला)हरुको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्ने उद्देश्यका साथ संस्थाका सल्लाहकार, कार्यकारिणी समिति, आजीवन सदस्य तथा शुभचिन्तकहरुको सहयोगमा मातृशिशु स्वास्थ्य कार्यक्रममार्फत निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइएको छ । संस्थाको कार्यालय कपन तथा कार्यक्रम संचालित क्षेत्रमा परिवार (महिला) तथा बालबालिकालाई प्राथमिक स्वास्थ्य उपचार, परामर्श सेवा, प्याथोलोजी जाँच, परिवार नियोजन, स्वास्थ्य अभिमुखिकरण जस्ता सेवा उपलब्ध गराउँदै आइएको छ ।

### साझेदार संस्थाहरु

World Vision | नेपाली जुटौं बाल विवाह रोकौं

WORLD EDUCATION | FRIENDS OF NEPAL ADELAIDE INC. | Rotary Dillibazar Kathmandu



बालबालिकालाई छात्रवृत्ति सहयोग



दिवाशिशु स्याहार केन्द्रमा बालबालिका



बालबालिकाको नियमित स्वास्थ्य परिक्षण


बाल विकास समाज / Child Development Society
फोन नः ०१४८२०९३८, पो ब. न.: ९३१४
इमेल : cdskapan@gmail.com, info@cds.org.np
वेब साइड : www.cds.org.np
निशुल्क सम्पर्क नं. १६६० ०१ ४३२१० (सल्लाह, सुझाव, गुनासोका लागि)
फेसबुकः www.facebook.com/childdevelopmentsocietynepal


बाविस

# बाल विकास समाज

बूढानीलकण्ठ नगरपालिका १२, कपन, काठमाडौं

## संक्षिप्त पृष्ठभूमि

समाजसेवी, प्राध्यापक, डाक्टर, इन्जिनियर, व्यवसायी तथा विभिन्न पेशामा आवद्ध समाज सेवीहरूको अग्रसरतामा वि. सं २०४८ (सन् १९९१) सालमा विधिवत् रूपमा बाल विकास समाजको स्थापना भएको हो । स्थापना कालदेखि बाल बचाऊ, बाल विकास, बाल संरक्षण तथा बाल सहभागिताको अधिकार सुनिश्चित गर्नका लागि शिक्षा, बाल संरक्षण, मात्र-शिशु स्वास्थ्य, जीविकोपार्जन र विपद्जोखिम न्यूनिकरणका कार्यहरू मार्फत बाल अधिकारको संरक्षण तथा सम्वर्द्धनका क्षेत्रमा विभिन्न कार्य गर्दै आइरहेको छ ।

संस्थाले सिमान्तकृत, सुविधाविहीन र जोखिममा रहेका बालबालिकाको सर्वाङ्गिण विकासका लागि शिक्षा, स्वास्थ्य र चेतनामूलक क्षेत्रमा कार्य गर्नुका साथै बाल अधिकारका लागि तालिम, कार्यशाला/गोष्ठीहरू सञ्चालन गर्ने, बालबालिकाका विभिन्न पक्षहरूमा अध्ययन–अनुसन्धान गरी त्यस क्षेत्रका समस्या तथा समाधानका उपायहरू पत्ता लगाई आवश्यक अधिकारमूलक तथा सेवामूलक कार्य गर्दै आइरहेको छ । बालबालिकाको हक अधिकार सुनिश्चित भएको समाजको परिकल्पनासहित बालमैत्री वातावरणमा बालबालिकाको सर्वाङ्गिण विकासका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी ऐन, कानून, नीतिनियम तथा कार्यविधी निर्माणमा सहजिकरण गर्ने र सकारात्मक प्रतिफलका लागि बहस र पैरवीका कार्य गर्नु बाल विकास समाजको मूलभूत उद्देश्य रहेको छ ।

# "बालमैत्री समाजको आधार: जिम्मेवार परिवार, उत्तरदायी सरकार" – राष्ट्रिय बाल दिवस २०७९

## दूरदृष्टि (Vision)

बालबालिकाको हक अधिकार स्थापित भएको समाज

## ध्येय (Mission)

बालमैत्री वातावरणमा बाल विकास र संरक्षणका लागि ठोस प्रयत्न गर्ने

## लक्ष्य (Goal)

बाल अधिकार सुनिश्चत गर्ने सरकारको प्रयासमा टेवा पुर्‍याउने

## उद्देश्य (Objectives)

- मातृशिशु स्वास्थ्यको प्रवर्द्धनका लागि विभिन्न कार्य गर्ने
- विभिन्न खालका हिँसा, शोषण र दुराचारबाट बालबालिकालाई सुरक्षित राख्ने
- प्रभावकारी पैरवी र दवावका लागि बाल विकास समाजको क्षमता बृद्धि गर्ने
- बालमैत्री बातावरणसहितको आधारभूत शिक्षामा बालबालिकाको पहुँच बढाउन उपयुक्त कार्यक्रमको तर्जुमा गर्ने
- विभिन्न तहमा बाल सहभागिता प्रवर्द्धन गर्ने
- बालबालिका केन्द्रित विपद्जोखिम न्यूनिकरणका कार्य गर्ने

## सक्रिय परियोजना

बाल विकास समाजले चाँगुनारायण र सुर्यविनायक नगरपालिका भक्तपुर साथै गोकर्णेश्वर नगरपालिका काठमाडौंमा नागरिक समाज, गैरसरकारी संस्था, समुदायमा आधारित संस्था, स्थानीय तहको क्षमता अभिवृद्धि गर्दै बालश्रम न्यूनिकरणमा सहयोग पुर्‍याउने उद्देश्यले सक्रिय परियोजना संचालन गरिरहेको छ । परियोजनाले जरी, गँलैचा कारखाना र ईंट्टा उद्योगमा काम गर्ने ९ सय ८४ जना बालबालिकाको तथ्याङ्क संकलन गरेको छ भने बालश्रम अन्त्य गर्न स्थानीय तहमा रहेका संयन्त्र/निकायलाई क्षमता अभिवृद्धिका कार्य गरिएको छ । संस्थाले स्थानीय तहसँगको समन्वयमा ६ सय ७६ जना बालबालिकालाई खाद्यान्न लगायतका आवश्यक सामाग्री समेत उपलब्ध गराएको छ ।




## स्वरोजगार शिक्षा कार्यक्रम

बाल विकास समाजले निरक्षर तथा समान्य साक्षर र श्रमिक, सुविधाविहीन एवं आर्थिक रुपमा कमजोर महिला (आमा)हरुलाई लक्षित गरी स्वरोजगार शिक्षा कार्यक्रम संचालन गरिरहेको छ। आमाहरुलाई सचेतना अभिवृद्धि गरी आयमुलक स्वरोजगार क्रियाकलापबाट आत्मनिर्भर बनाई बालबालिकाको शिक्षा तथा स्वास्थ्यमा पहुँच वृद्धि गर्ने उद्देश्यका साथ बूढानीलकण्ठ नगरपालिका वडा नं. १२ कपनमा स्थानीय निकायको समन्वयमा सञ्चालित यस कार्यक्रममा १८ देखि ४५ वर्ष उमेरका महिलाहरु दैनिक कक्षा लगायतका क्रियाकलापमा सहभागी भइरहेका छन् ।

## बाल संरक्षण तथा समुदायमा आधारित स्पोन्सरसिप कार्यक्रम

कीर्तिपुर नगरपालिका (१० वटा वडा) र काठमाडौँ महानगरपालिका वडा नं. १६ को अनुमति एवं समन्वयमा बाल विकास समाजले (११ वटा) क्षेत्रभित्र "बाल संरक्षण तथा समुदायमा आधारित स्पोन्सरसिप कार्यक्रम" संचालन गरिरहेको छ । यस कार्यक्रम अन्तर्गत अति जोखिममा रहेका ४५०० बालबालिकालाई स्पोन्सर सिप कार्यक्रममा दर्ता गरी सेवा उपलब्ध गराइएको छनगरपालिका स्थानीय तहको प्रत्यक्ष समन्वयमा जोखिमयुक्त अवस्थाका कार्यक्रममा दर्ता गरिएका र अन्य बालबालिकालाई समेत संरक्षण तथा बाल अधिकारका लागि स्थानीय तह तथा समुदायलाई पनि जिम्मेवार बनाउने अभियानमा बाल विकास समाज रहेको छ । यसका साथै बालमैत्री स्थानीय तह निर्माणमा समेत संस्थाले आवश्यक सहकार्य गर्दै आइरहेको छ ।

## ईंटाउद्योगमा रहेका बालबालिकाको उत्थानशिल विकास परियोजना

ललितपुर महानगरपालिका र चन्द्रागिरी नगरपालिकाको अनुमती तथा समन्वयमा बाल विकास समाजद्धारा संचालित "ईटा उद्योगमा रहेका बालबालिकाको उत्थानशील विकास परियोजना" मार्फत ललितपुर महानगरपालिका वडा नं. २२, बुङ्मती र चन्द्रागिरी नगरपालिकाको वडा नं. ३, र १४ मा रहेका ७ वटा ईटा उद्योगमा कार्यरत श्रमिकहरु र उनीहरुका बालबालिकाको संरक्षणमा टेवा पुर्‍याइरहेको छ । संस्थाको अगुवाइमा चन्द्रागिरि नगरपालिका वडा नं. १४ लाई बालश्रम मुक्त वडा घोषणा गर्ने कार्य पनि सम्पन्न भएको छ भने बाल संरक्षण र बालश्रम निवारणको अभियानमा सहयोग गरिरहेको छ ।

